# नेपाली सेना

## लेखा पदिक (स्थायी तथा करार सेवा) पदको लिखित परीक्षाको पाठ्यक्रम

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क : ४०

यो पाठ्यक्रम नेपाली सेनाको श्री कल्याणकारी योजना निर्देशनालय अन्तरगत लेखा पदिक (स्थायी तथा करार सेवा) उम्मेदवार छनौट परीक्षाको लागि निर्धारण गरिएको हो । लेखा पदिक उम्मेदवार छनौटको लिखित परीक्षामा सरिक हुने उम्मेदवारहरुको पेशा सम्बन्धि विषयलाई आधारमानी प्रश्नहरु सोधिने छ ।

(क) लिखित परीक्षाको माध्यम नेपाली/अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(ख) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईने छ ।

(ग) प्रश्न पत्र निर्माण गर्दा पाठ्यक्रममा समावेश भएका सबै विषयहरुलाई समेटिनेछ ।

(घ) नेपाली सेनाको आवश्यकता तथा विविध परिस्थितमा नेपाली सेना अनूकूल हुने गरी उल्लेखित विवरणहरुमा हेरफेर हुन सक्नेछ ।

(ङ) पाठ्यक्रमको रुपरेखा देहायमा उल्लेख गरे अनूसार हुनेछ ।

| सि.नं. | प्रश्नको किसिम | प्रश्न संख्या र अंक | समय |
|---|---|---|---|
| १. | वस्तूगत प्रश्न (Objective) बहूवैकल्पिकप्रश्न (MCQS) | ५०x१=५० | २ घण्टा ३० मिनेट |
| २. | छोटो उत्तर दिनू पर्ने प्रश्न (Short Questions) | ६x५=३० | |
| ३ | लामो उत्तर दिनू पर्ने प्रश्न (Long Questions) | २x१०=२० | |

(च) पाठ्यक्रम लागू मिति : २०७१/०९/ गतेदेखि ।

**१. सरकारी लेखा प्रणाली** **४०%**

- सरकारी श्रेस्ता प्रणाली सम्बन्धी
- दोहोरो लेखा प्रणाली सम्बन्धी
- गोश्वारा भौचर सम्बन्धी
- बैक नगदी किताव सम्बन्धी
- बजेट हिसाब सम्बन्धी
- खर्चको फांटवारी सम्बन्धी

**२. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ सम्बन्धी** **२५%**

- खरिद कार्यको जिम्मेवारी र खरिद बिधी सम्बन्धी व्यवस्था
- बोलपत्र सम्बन्धी ब्यवस्था
- खरिद सम्बन्धी अन्य ब्यवस्था
- खरिद सम्झौता सम्बन्धी ब्यवस्था
- आचरण सम्बन्धी ब्यवस्था
- खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान सम्बन्धी ब्यवस्था
- राशन खरिद सम्बन्धी ब्यवस्था

**३. आर्थिक कार्यविधी ऐन २०५५ र नियमावली २०६४** **२५%**

- राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था
- बजेट निकाशा र सरकारी रकम खर्च गर्ने तरिका सम्बन्धी व्यवस्था
- सरकारी सम्पतीको जिम्मा त्यसको लगत, संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था
- लिलाम बिक्री सम्बन्धी व्यवस्था
- धरौटी सम्बन्धी व्यवस्था
- पेश्की सम्बन्धी व्यवस्था
- केन्द्रिय लेखा, आर्थिक विवरण र कार्यसम्पादन प्रतिवेदन
- लेखा परिक्षण र बेरुजु फछ्र्यौट सम्बन्धी व्यवस्था

**४. भ्रमण खर्च नियमावली २०६४ सम्बन्धी व्यवस्था** **५%**

**५. आयकर ऐन २०५८ सम्बन्धी व्यबस्था** **५%**

---

## <u>लेखा पदिक (स्थायी तथा करार सेवा) पदको प्रयोगात्मक परीक्षाको पाठ्यक्रम</u>

पूर्णाङ्क : २५
उत्तीर्णाङ्क : १२.५

**Microsoft Word typing** १०%
**Excel typing** १०%
**PowerPoint** ५%

# नमुना प्रश्न प्रत्र (Model Question)

**समयः २ घण्टा ३० मिनेट** **पुर्णाङ्कः १००**
**सबै प्रश्नहरु अनिवार्य छन् ।** **उतिर्णाङ्कः ४०**

## खण्ड-क

### (बहुबैकल्पिक प्रश्न (MCQ)

१. सरकारी कामकाजको सिलसिलामा नेपाल भित्र वा विदेश भ्रमण काजमा खटिने सरकारी कर्मचारीलाई दिईने पेश्की रकम भ्रमण पुरा गरी फर्केको कति दिन भित्र फछ्र्यौट गर्नु पर्दछ ?

(क) २१ दिन (ख) ३५ दिन (ग) ४० दिन (घ) २८ दिन

२. अति बिशिष्ट तहको पदाधिकारीले होटलबास खर्च वापत कति भत्ता पाउछन् ?

(क) रु.१२०० (ख) रु.८०० (ग) बिलबमोजिम (घ) रु.५००

३. सार्वजानिक खरिद नियमावली २०६४ राजपत्रमा कहिले प्रकाशन भयो ?

(क) २०६४।५।२ गते (ख) २०६४।५।३ गते (ग) २०६४।५।६ गते (घ) २०६४।५।८ गते

४. बेरुजु फछ्र्यौट मुल्याङकन समितिको अध्यक्ष को रहन्छ ?

(क) मुख्य सचिव (ख) अर्थ मन्त्रालयको सचिव (ग) महालेखा परिक्षक (घ) महालेखा नियन्त्रक

५. बार्षिक कार्यक्रममा वाधा नपर्ने गरी कुनै खर्च शिर्षकमा रकमान्तर गर्दा कति प्रतिशत सम्म रकमान्तर गर्न सकिन्छ ?

(क) ३५ प्रतिशत सम्म (ख) ३० प्रतिशत सम्म (ग) २० प्रतिशत सम्म (घ) २५ प्रतिशत सम्म

## खण्ड- ख

### विषयगत छोटो प्रश्न

१. सार्वजानिक निकायले खरिद गर्दा कुन कुन विधि अपनाई खरिद गर्नु पर्दछ उल्लेख गर्नुहोस ।

२. जिन्सी मालसामान प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु के के हुन उल्लेख गर्नुहोस ।

## खण्ड- ग

### विषयगत लामो प्रश्न

१. गोश्वारा भौचर भन्नाले के बुझिन्छ ? उदाहरण दिई यसका प्रकारहरु नमूना सहित उल्लेख गर्नूहोस ।